## विशेष इजलास

१

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. २०६५-WS-००३१, उत्प्रेषण परमादेश, *पशुपति कार्की वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० ले ऐन प्रारम्भ भएको मितिले नौ वर्षसम्म मात्र अभिवक्ताको रूपमा दर्ता गर्ने गरी गरेको कानूनी व्यवस्थाको लक्ष्य कानून व्यवसायको संस्थागत विकास गर्ने, गुणस्तरीयता कायम गर्ने भन्ने देखिन्छ । यदि निवेदकको निवेदन जिकीर मान्ने हो भने राज्यले अभिवक्तामा दरिन तोकेको समयसीमा (Cut of Date) अदालतले संशोधन गर्नुपर्ने हुन्छ । यस्तो गर्दै जाने हो भने कानूनमा प्रमाणपत्र तह उत्तीर्ण गरेको एक जना व्यक्ति बाँकी रहुन्जेलसम्म पनि राज्यले संस्थागत सुधार गर्न सक्दैन । समान वर्ग र अवस्थाका व्यक्तिलाई भेदभाव नगरी राज्यले कानून बनाउन सक्ने नै हुँदा यस्तो कार्य संविधानविपरीत नहुने ।

पेशा वा व्यवसाय गर्ने, सम्पत्ति आर्जन गर्ने अधिकारमा रोक लागेको भनी संविधानको धारा १०७ को उपधारा (१) र (२) अन्तर्गत दर्ता गरिने प्राय प्रत्येक निवेदनहरूमा यस्तै प्रकारको जिकीर लिइएको देखिन्छ । तर किन र कसरी संविधानको धारा १२, १८ र १९ प्रतिकूल भएको हो भन्ने कुराको सन्तोषजनक जवाफ प्राप्त हुँदैन । निवेदकहरूलाई आफ्नो योग्यता र क्षमताअनुसारको पेशा वा व्यवसाय गर्न नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० ले रोक लगाएको देखिँदैन । आफ्नो योग्यता र क्षमताअनुसारको पेशा व्यवसाय गर्ने कुरामा कुनै कानूनले रोक लगाएको अवस्थामा मात्र संवैधानिक उपचारको Invoke गराउन मिल्ने हुन्छ । सम्भावित कुरालाई हकको रूपमा दावी गरी संविधानको धारा १०७ को उपधारा (१) र (२) Invoke गराउन नमिल्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट नं. २०६७-WS-००१९, उत्प्रेषण समेत, *सुनील रञ्जन सिंह वि. निर्वाचन आयोग समेत*

मिति २०६७।५।१४ मा प्रकाशित निर्वाचन आयोगको सूचनामा फोटोसहितको मतदाता नामावली संकलन गर्ने भन्ने उल्लेख भएको देखिन्छ । सो क्रममा मतदान गर्न योग्य कुनै पनि नागरिकको नाम नछुटोस् भन्ने नै निर्वाचन आयोगको उद्देश्य रहेको देखिन्छ । विधायिकाको लागि होस् वा संविधानको लागि होस् वा जनमत संग्रहको लागि होस् वा स्थानीय निकायको लागि होस्, जुनसुकै प्रयोजनका लागि पनि १८ वर्ष उमेर पुगेका योग्य मतदाताले मतदान गर्न पाउनु पर्दछ । मतदान गर्ने हक मौलिक हक होइन । यो हक ऐनले सिर्जना गरेको कानूनी हक अर्थात् Statutory Right हो । निर्वाचन आयोगको सूचनामा १६ वर्ष उमेर पुगेका सबै नागरिकहरूको नाम संकलन गर्ने भन्ने देखिन्छ । सोअनुसार १८ वर्ष उमेर पुगेका र दुई वर्षपछि १८ वर्ष उमेर पुग्ने सबै नागरिकहरूको अभिलेख निर्वाचन आयोगले राख्दा रिट निवेदकले आपत्ति गर्नुपर्ने कारण देखिँदैन । भविष्यमा हुने निर्वाचनहरूको प्रयोजनका लागि नयाँ मतदाताहरूको नामावली सङ्कलन गर्ने तथा भइरहेको मतदाता नामावली अद्यावधिक गरी नयाँ मतदाता सूची तयार गर्ने लगायतका काम निर्वाचन आयोगले गर्न सक्छ । निर्वाचन आयोगलाई रिट निवेदकले जिकीर गरेजस्तो पुरानो मतदाता नामावलीलाई अद्यावधिक मात्र गर्नु भनी यो अदालत लगायत कसैबाट बाध्य गर्न नमिल्ने ।

कानूनले वैकल्पिक उपचारको व्यवस्था गरेको उक्त कानूनी हकको प्रचलनका लागि संविधानको धारा १०७(२) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार गर्ने निजको हक सुरक्षित नै रहने भएको हुँदा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधानले निर्वाचन आयेगलाई अनियन्त्रित अधिकार (Excessive Power) प्रदान गरेको र सो प्रावधान संविधानको धारा १०७(२) सँग बाझिएको नदेखिने ।

मतदानको हक लोकतान्त्रिक शासन व्यवस्थामा एक सारभूत हक हो, नागरिकको उक्त हकलाई विधिसम्मत् तरिकाबाट सुनिश्चित गर्नका लागि निर्वाचन आयोगबाट मतदाता नामावली तयार गर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा राष्ट्रिय महत्वको उक्त विषयवस्तुमा चासो देखाई निवेदकले रिट निवेदन दायर गरेको देखिएको हुँदा फोटोसहितको मतदाता नामावली तयार गर्ने क्रममा मतदान गर्न निर्धारित योग्यता भएका कुनै पनि नागरिक मतदान गर्नबाट वञ्चित नहुने गरी र मतदान गर्न अयोग्य व्यक्ति तथा अन्य कुनै व्यक्तिले नक्कली मतदाता बनी मतदान गर्न नसक्ने आवश्यक प्रवन्ध मिलाई मतदाता नामावली तयार गर्नु गराउनु भनी विपक्षी निर्वाचन आयोगका नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या. खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-FN-०१७५, उत्प्रेषण, *केशरीप्रसाद शाह वि. सर्लाही जिल्ला अदालत समेत*

यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६७।८।२९ मा भएको आदेशमा "सर्वोच्च अदालत नियमावली २०४९ को नियम २५(११) को व्यवस्था यस अदालतको सामान्य क्षेत्राधिकारअन्तर्गत पर्ने निवेदन पुनरावेदनको हकमासम्म लागू हुने हो वा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत परेका निवेदनमा समेत लागू हुन्छ भन्ने विषय विचारणीय भएको र सो विषय पछि इजलासबाट विचार हुने नै हुँदा" भन्ने उल्लेख गरी कानूनबमोजिम रिट दर्ता गर्नु भन्ने आदेश गरेको पाइयो । यस्तै विषयवस्तु समावेश भएको संवत् २०६३ सालको प्रतिवेदन नं. ००२९ को प्रतिवेदनमा यस अदालतको पूर्ण इजलासबाट "निवेदक मातहत अदालतबाट भएको वा फैसलाबमोजिम कैद लागेको व्यक्ति भएको र सो कैद भुक्तान नगरेको अवस्थामा वारेसमार्फत् निवेदन दर्ता गराउन नमिल्ने भएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम २५(११) बमोजिम सजाय भोगेको वा भोगिरहेको वा अदालती बन्दोबस्तको १९४ नं. को प्रक्रिया पुऱ्याई धरौट वा जमानत दिएको निस्सा निवेदक स्वयंले पेश गरे निवेदन दर्ता हुने भनी मनासिब माफिकको समयावधि तोकी वारेसमार्फत् निवेदकलाई जानकारी दिनु र उल्लिखित प्रक्रिया पूरा गरी आएमा निवेदकको रिट निवेदन दर्ता गर्नू । साथै यसपश्चात् यसै प्रकृतिका अवस्थाहरूमा यसै आदेशलाई आधार मानी रिट निवेदन दर्ता वा दरपीठ गर्नु भनी यस अदालतका रजिष्ट्रारलाई निर्देशन समेत जारी गरिएको छ" भनी मिति २०६३।८।१४ मा आदेश भइरहेको पाइँदा प्रस्तुत विषयमा निवेदकलाई लागेको कैद जरीवानाबापत अ.बं. १९४ बमोजिम धरौट वा जेथा जमानत दिए लिई एक न्यायाधीशको इजलासबाट भएको मिति २०६७।८।२९ को पूर्व आदेशबमोजिम रिट निवेदन दर्ता गरी कानूनबमोजिम गर्नू ।

इति संवत् २०६७ साल पुस ९ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. रणबहादुर बम,** २०६६-CF-०००१, ०००२, कर्तव्य ज्यान, *शेषकुमार आले वि. नेपाल सरकार, नेपाल सरकार वि. राजेश थापा मगर*

घटना वारदातको सम्बन्धमा प्रतिवादी शेषकुमार आलेले गरेको अनुसन्धान अधिकारी समक्षको बयान व्यहोरा, अर्का प्रतिवादी राजेश थापा मगरले अनुसन्धान अधिकारी एवं अदालतसमक्ष गरेको एकै मिलानको बयान समेतका तथ्य मालाकार रूपमा जोडिई मृतकको मृत्यु हुनुमा प्रतिवादी शेषकुमार आलेको प्रत्यक्ष संलग्नता रहेको देखिदा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूरमा ऐ. को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

जाहेरवाला समेतले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीको मृतकसँग पूर्व रिसइवी रहेको भनी लेखाउन नसकी प्रतिवादी शेषकुमार आले, शंकर आलेसँग पूर्व रिसइवी रहेको भनी शंकासम्म देखाए पनि अन्य कुनै तथ्य प्रमाणले प्रस्तुत घटना वारदातमा निजको प्रत्यक्ष संलग्नता रहेको भन्ने देखिँदैन। घटनाको शुरूको अवस्थाको प्रत्यक्षदर्शी रही घटनाको वास्तविक तथ्य उजागर गरेको कारणले अभियोग दावीबमोजिमको कसूर गरेको भनी अनुमानको आधारमा सजायँ गर्नु कानूनसम्मत नहुने।

प्रतिवादीमध्येका माइला भन्ने शेषकुमार आलेको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ.को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई अर्का प्रतिवादी राजेश थापा मगरको हकमा सफाई हुने।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०४७८, उत्प्रेषण समेत, *सुष्मा मिश्र(के.सी.) वि. भूमिसुधार कार्यालय समेत*

विवादित जग्गाको विषयमा यिनै निवेदक समेत र प्रत्यर्थीबीच निर्णय दर्ता बदर समेत मुद्दा चली सो मुद्दामा सर्वोच्च अदालतबाट अन्तिम फैसला भईसकेपश्चात् पुनः सोही जग्गाको विषयमा तर्फ छुट्याई पाऊँ भन्ने मुद्दामा समेत पुनरावेदन अदालत पाटनबाट वादी योगकुमारी के.सी.को मोहियानीबापतको घर जग्गा दक्षिणतर्फ पर्ने गरी तर्फ कायम हुने ठहरी २०६४।१०।६ मा भएको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको प्रक्रियामा रहेको अवस्थामा पुनरावेदन अदालतबाट मुलुकी ऐन, अदालती बन्दोवस्तको १७ नं को निवेदनको रोहमा अन्तिम फैसलाबमोजिम कार्यान्वयनको आदेश भएको देखिन्छ। निवेदक तथा प्रत्यर्थी योगकुमारी के.सीं बीच चलेका मुद्दाहरूमा तह-तह फैसला भई अन्तिम रूपमा रहेको अवस्थामा फैसलाबमोजिमको कार्यान्वयन प्रक्रियामा भएको पुनरावेदन अदालत पाटनको २०६५।८।१३ को आदेश विवादको टुंगो लागी भएका अन्तिम फैसलाभन्दा बाहिर गै गरेको भन्ने देखिन आएन। निवेदक र प्रत्यर्थी समेत बीच रहेको मूल विवाद नै अन्तिम भएर बसेको अवस्था देखिएको र कार्यान्वयनको चरणमा भएको आदेशले निवेदकको सम्पत्तिसम्बन्धी संवैधानिक एवं कानूनी हकमा आघात पुगेको अवस्था नदेखिनुका अतिरिक्त २०६५।८।१३ को उल्लिखित आदेशमा कानूनी त्रुटि वा क्षेत्राधिकारसम्बन्धी त्रुटि समेत नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम्।

- यसै प्रकृतिको २०६५-WO-०३१२, *शान्तसागर मिश्र वि. भूमिसुधार कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ०१५९, उत्प्रेषणयुक्त, परमादेश, *सुरेन्द्र मिश्र वि. भूमिसुधार कार्यालय, पर्सा समेत*

रिट निवेदकले विपक्षी निकायबाट भएका जुन निर्णय आदेश बदर गरिपाऊँ भनी जिकीर लिइएको छ सोही निर्णय आदेशको आधारमा यिनै विपक्षी रामनाथ साह कलवारको भूमिसुधार कार्यालय पर्सामा प्रतिउत्तरपत्र दर्ता भै हाल कारवाहीयुक्त अवस्थामा अगाडि बढी सकेको भन्ने देखिन आएको परिप्रेक्ष्यमा निवेदकले उठाएको प्रश्नको निरोपण सोही भूमिसुधार कार्यालयमा परिरहेको मुद्दाबाट कानूनी प्रक्रिया र प्रमाणको समुचित मूल्याङ्कन विश्लेषण तथा विवेचना गरी ठहरेबमोजिम निर्णय

हुने नै हुँदा तत्काल यस अदालतले रिट क्षेत्रबाट विचार गरी तल्लो निकायमा विचाराधीन रहेको मुद्दालाई प्रभाव वा निर्देशित हुने गरी आदेश गर्नु कानूनसम्मत तथा न्यायसम्मत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खनाल
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०३६६, उत्प्रेषणयुक्त, परमादेश, *पञ्चु ठाकुर वि. पुनरावेदन अदालत, जनकपुर समेत*

विपक्षी ज्ञानी राय यादवको निवेदन दर्ता गर्ने आदेश हुँदैमा वा सो निवेदन दर्ता भएकै कारणबाट निवेदकले असूलउपर गरी लिनुपर्ने लेनदेनको बिगोको हकमा कानूनबमोजिम असूलउपर गर्नलाई कुनै बाधा असर पर्न जान सक्ने अवस्था समेत नदेखिँदा शुरू जिल्ला अदालतको आदेशलाई बदर गरी यी विपक्षी ज्ञानी राय यादवको निवेदन दर्ता गर्ने भनी गरेको पुनरावेदन अदालतको आदेशबाट निवेदकको हकमा आघात पुग्न गएको रहेछ भनी भन्न र मान्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत विष्णुप्रसाद अर्याल
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको रिट नं. १०५६, उत्प्रेषणयुक्त, परमादेश, *मधुसुदन खनाल वि. पाल्पा जिल्ला अदालत, पाल्पा समेत*

फैसलामा यी निवेदकहरूको नाउँमा विवादित कि.नं. को जग्गा दा.खा. गर्न नामसारी हुने भन्ने उल्लेख भएको नपाइएको अवस्थामा उक्त फैसलालाई आफू अनुकूलको व्याख्या गरी फैसलाको मर्म र भावना विपरीत गई केवल अदालतका कर्मचारीले निवेदकको मागबमोजिम उक्त कि.नं. को जग्गाहरू यी निवेदकहरूको नाउँमा दा.खा. दर्ता नामसारी गरी दिनु भनी मालपोत कार्यालयका नाउँमा पत्राचार गरी यी निवेदकहरूको नाउँमा दर्ता गर्ने गरेको उक्त दूषित तथा गलत काम कारवाहीलाई सुधार गरी (Correction) गर्ने प्रयोजनको निमित्त जिल्ला न्यायाधीशले सो विषयमा हस्तक्षेप गरी त्यस्ता भए गरेका गलत काम कारवाहीलाई बदर गर्ने गरेको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालतको आदेश समेतलाई अन्यथा भन्न नमिली कानूनसम्मत तथा विवेकसम्मत रूपमा नै भए गरेको मान्नुपर्ने देखिन आयो । अतः कर्मचारीले गरेको यस्तो गल्तीबाट निस्कने दुष्परिणामलाई रोक्नको लागि असल नियत (Good Faith) साथ गरे भएको विपक्षी निकायहरूको काम कारवाहीबाट निवेदकहरूको संविधान तथा कानून प्रदत्त हकमा आघात पुग्न गएको रहेछ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत विष्णुप्रसाद अर्याल
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री डा. भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ००८१, उत्प्रेषण समेत, *शीला कर्माचार्य समेत वि. काठमाडौं महानगरपालिकाको कार्यालय समेत*

निर्देशिकाले निर्धारण गरेबमोजिमको प्रक्रिया अपनाई रिक्त विभिन्न पदहरूको पदपूर्ति गर्ने क्रममा विज्ञापन प्रकाशित गरी आवेदकहरूको लिखित परीक्षा लिई सोको परिणाम समेत प्रकाशित गरी अन्तर्वार्ताको लागि सूचना समेत जारी गरिसकेको अवस्थामा सो सूचनाबमोजिम नै यी निवेदकहरूको अन्तर्वार्ता लिई सोको नतिजा समेत प्रकाशित गरी उत्तीर्ण आवेदकहरूलाई नियुक्ति समेत दिनुपर्नेमा सो नगरी मनासिब आधार कारण बेगर अर्को सूचना प्रकाशित नभएसम्मको लागि भनी अन्तर्वार्ता स्थगित गर्ने गरेको कार्यलाई कानूनसम्मत तथा विवेकसम्मत रूपमा भए गरेको रहेछ भनी भन्न नमिल्ने ।

स्थानीय निकायका पदपूर्तिसम्बन्धी कार्यविधि निर्देशिका, २०५७ को नियम १६.१ समेतको विपरीत रहेको देखिदा प्रस्तुत आदेश प्राप्त भएका मितिले तीन महिनाभित्र यी निवेदकहरूको कानूनबमोजिम अन्तर्वार्ता लिई सोको नतिजा प्रकाशित गरी सफल उम्मेदवारहरूलाई नियुक्ति समेत दिनु भन्ने विपक्षी निकायको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत विष्णुप्रसाद अर्याल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. ०६७५, उत्प्रेषण समेत, *कौशिल्यादेवी तेली वि. विजयप्रसाद साह समेत*

लेनदेनको लिखत हुनुभन्दा दुई वर्ष पहिले नै हालैको बकसपत्रबाट प्राप्त गरेको कौशिल्यादेवीको सम्पत्तिबाट लोग्नेले लिएको ऋणबापत बिगो भराउन नमिल्ने हुँदा उक्त बकसपत्रबमोजिमको कि.न. ३५६ को गाउँ ब्लकको घर जग्गाबाट कायम रहेको ५ भागको १ भाग घर जग्गाबाट बिगो भराउनेतर्फ कारवाही गरी जग्गा रोक्का राख्ने र सोहीबाट बिगो भराउनेलगायतका काम कारवाही अदालती बन्दोवस्तको ४२ नं. लेनदेन व्यवहारको ९ नं. र स्त्री अंशधनको ५ नं समेतको विपरीत हुने ।

फैसला कार्यान्वयनका लागि कानूनबमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेमा कानूनविपरीत गरिएको काम कारवाही कायम रहन सक्दैन र त्यस्तो काम कारवाहीबाट निवेदिकाको कानूनी हकमाथि आघात पुग्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको रिट नं. WO-१०२९, उत्प्रेषण समेत, *राधाकृष्ण शाह वि. मनोजकुमार साह समेत*

फैसला कार्यान्वयनमा अदालतको तदारूकता र सक्रियता अवश्य देखाउनै पर्दछ, तर कानूनले निर्दिष्ट गरेको सीमा र प्रक्रियाअन्तर्गत रहेर सो कार्य गर्नुपर्ने हुन्छ । आफूखुशी वा बिगो भरी पाउने व्यक्ति वा पक्षको सुविधाअनुसार अदालती कार्यविधि निर्देशित हुन नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. WO-०२९५, उत्प्रेषणयुक्त परमादेश, *डिमी शेर्पा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राजनीतिक नियुक्ति हुने पदहरूमा मात्र राजनीतिक नेतृत्व परिवर्तनसँगै राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूले राजीनामा दिने र राजीनामा नदिए सरकारले त्यस्ता पदाधिकारीलाई हटाउने गर्दछ । तर प्रस्तुत मुद्दामा रिट निवेदक मनोनयन भएको बोर्डको कार्य समितिको पद विशुद्ध व्यावसायिक, बौद्धिक र विशेषज्ञताको आवश्यक पर्ने गैरराजनीतिक एवं पदावधि किटान गरिएको पद देखिएकोले राजनीतिक आधारमा मनोनयन भएको जस्तो गरी Spoil System को व्यवस्था भएसरह सरकारको नेतृत्व परिवर्तनसँगै रिट निवेदकलाई तोकिएको पदावधि अगावै कार्य समितिको सदस्य पदबाट हटाउने गरी भएको मन्त्रिस्तरीय निर्णय कानूनी राजको सिद्धान्तविपरीत देखिने ।

मनोनयन भएको पद राजनीतिक नियुक्तिको पद नदेखिई विशुद्ध व्यावसायिक र बौद्धिक देखिएको, ऐनमा सो पदको पदावधि स्पष्ट तोकिएको, तोकिएको पदावधि अगावै पदबाट हटाउनु पर्नेसम्मको परिकल्पना ऐनले नगरेको, सरकारको नेतृत्व

परिवर्तनसँगै बोर्डको सदस्यमा गरिने परिवर्तनले ऐनको उद्देश्य, मर्म र भावना पूर्ति नहुने देखिएको तथा पदावधि बाँकी छँदै बिनाआधार र कारण निवेदकलाई पदमा निरन्तरता नदिई पदबाट हटाई विपक्षीमध्येका गणेशबहादुर भट्टराई समेतका व्यक्तिलाई नयाँ कार्य समितिको सदस्यमा मनोनयन गर्ने गरी मन्त्रीस्तरबाट निर्णय भएको देखिएकोले मन्त्रीस्तरको मिति २०६६।६।८ को निर्णय कानूनविपरीत भै मिलेको नदेखिँदा सो निर्णय निवेदकको हकमा बदर हुने ।

इजलास अधिकृत : बासुदेव पौडेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको CR-०३८०, लागू औषध, *दीपेन्द्रकुमार श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीको साथबाट लागू औषध र तौलने ढक तराजू समेत बरामद भएको तथ्य वादीले प्रमाणित गरेपछि वादीले प्रमाण ऐनको दफा २५ ले कर्तव्य पूरा गरेको मानिन्छ । यस्तो अवस्थामा बरामदी लागू औषध व्यापारिक कारोवारको लागि मात्र होइन निजी सेवनको लागि साथमा रहेको भन्ने प्रमाण पुऱ्याउने भार प्रतिवादीमा रहन्छ । यसमा विवाद हुन सक्दैन । तर प्रतिवादीले आफू लागू औषधको सेवनकर्ता Addict भएको भन्ने आफ्नो जिकीरलाई समर्थन गर्ने कुनै प्रमाण पेश गर्न नसकेको र लागू औषधको मात्रा ६०००० मि.ग्रा. अर्थात् ठूलो संख्याको भएको हुँदा प्रतिवादीको साथबाट बरामदी लागू औषध निजी सेवनको लागि भन्ने जिकीर विश्वासलायक नदेखिँदा लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ)(च) को कसूरमा निजलाई ऐं. को दफा १४(१)(छ)(२) बमोजिम ११ वर्ष कैद र ८०,०००।- जरीवाना हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ०५०५, २०६४ सालको स.फौ.पु.नं. ०२१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सागर श्रेष्ठ, नेपाल सरकार वि. देवराज घले गुरूङ्ग*

ज्यानजस्तो गम्भीर फौजदारी अपराधमा प्रतिवादीको कसूर वस्तुनिष्ठ तवरले पुष्टि हुन अत्यावश्यक हुन्छ । शकाको भरमा कसूरदार ठहऱ्याउनु न्यायको मान्य सिद्धान्तको प्रतिकूल हुन्छ । यी प्रतिवादीको कर्तव्यबाट राजवीर राइको मृत्यु भएको तथ्य शंकारहित तवरले पुष्टि हुने गरी वादी पक्षबाट प्रमाण पेश गर्न नसकेको स्थितिमा निजले कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ३०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिनारायण जयसवाल समेत*

ज्यानजस्तो गम्भीर फौजदारी अपराधमा अभियुक्तलाई सजाय गर्न निजको कसूर वस्तुनिष्ठ प्रमाणहरूबाट शंकारहित तवरबाट प्रमाणित हुनुपर्दछ । यो न्यायको मान्य सिद्धान्त हो । त्यही भएर भनिन्छ बरू ९ जना अपराधी छुटून १ जना पनि निरपराधी सजायको भागी नहोस् । प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी साक्षीको अभाव छ । मृतकको छोराले रातिको समयमा घटना घटेकाले मानिस चिनेको भनेर मौकामा भन्न सकेका छैनन् । मौकामा कागज गर्ने व्यक्ति अदालतमा उपस्थित भै बकपत्र गर्न सकेका छैनन् । प्रतिवादीहरू कसूरमा इन्कार छन् । यस स्थितिमा वादी पक्षबाट स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो दावी प्रमाणित गर्न नसकेको र मिसिल संलग्न परिस्थितिजन्य प्रमाणबाट समेत सो

पुष्टि भएको नदेखिएको स्थितिमा प्रतिवादीहरूलाई निर्दोष ठहऱ्याएको मनासिब नै देखिने ।
इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०८२७, उत्प्रेषणयुक्त परमादेश, *जयप्रकाश सिँह वि. राजेन्द्रकुमार रोगोंग समेत*

उल्लिखित जग्गामा चर्च नभई आवासीय घर बनाउन सम्बन्धित निकायले नक्सा पासको स्वीकृति दिई घर निर्माण भएको कारणले निवेदकको धार्मिक आस्था र स्वतन्त्रतामा खलल पुग्न गई कुनै अवरोध सिर्जना हुन गएको अवस्था एकातिर देखिँदैन भने अर्कोतिर सक्षम निकायबाट आवश्यक जाँचबुझ गरी नक्सापास भई प्रस्तुत विषयमा उल्लिखित कार्यालयहरूबाट भएका निर्णयहरूउपर चुनौती दिन यी रिट निवेदकले वैकल्पिक उपचारको अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : दीपक खरेल
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल कात्तिक १ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०३९१, उत्प्रेषणयुक्त परमादेश, *कामदेव आचार्य समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य ऐन, २०५३ मा हुँदै नभएको अ.हे.ब. पदमा १० वर्ष स्थायी सेवा अवधि पुगेको भन्ने शर्त सूचनामा उल्लेख गरी निवेदकहरूलाई उक्त सूचनाकै आधारमा दर्खास्त दिन पाउने अधिकारबाट बञ्चित गरेको कार्य कानूनसम्मत नदेखिएको हुँदा विपक्षीहरूद्वारा प्रकाशित गराएको मिति २०६५।९।१८ गतेको नेपाल समाचारपत्र र राजधानी दैनिकमा प्रकाशित गरेको सूचनामा १० वर्षसम्म स्थायी सेवा अवधि पूरा गरेको भन्ने प्रावधान र सोसम्बन्धी अन्य सम्पूर्ण निर्णय, आदेश भए सो समेत उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकहरू समेतको दर्खास्त उल्लिखित तालिमको लागि छनौट प्रक्रियामा समावेश गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृत : दीपक खरेल
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०२६२, उत्प्रेषण वा अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ, *कमला राई समेत वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

जिल्ला प्रशासन कार्यालयले आफूअन्तर्गत दर्ता भएको संघ संस्थाको नियमितताको लागि उक्त संस्था विधानअनुसार सञ्चालन भएको छ छैन भन्ने हेरी आवश्यकताअनुसार निर्देशन एवं जानकारी दिन सक्ने देखिन्छ । यस्तो अवस्थामा निवेदकले दावी गरेको कार्य समिति निर्विवाद नभै विवादास्पद भएको अवस्था हुँदा उक्त समितिलाई मान्यता नदिने गरी पुनः साधारणसभा बोलाई कार्य समितिको निर्वाचन गराउन भनी विपक्षी जिल्ला प्रशासन कार्यालयले निर्देशन दिन सक्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०८५०, उत्प्रेषणयुक्त परमादेश समेत, *रामबहादुर भुजेल वि. नेपाल विद्युत प्राधिकरण तथा ग्राहक सेवा पूर्व वितरण केन्द्र पुरानो बानेश्वर काठमाडौं समेत*

रिट निवेदक रामबहादुर भुजेलले विद्युतको टर्मिनल सील तथा मीटर बक्सा सील विगारी लाइन डाइरेक्ट गरी आफूले प्रयोग गरेको तथा सुकुम्बासी

वस्तीमा समेत वितरण गरेको अवस्थामा विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ७(१) को देहाय (छ)(झ) र (ट) को कसूर गरेको देखिदा निजको विद्युत लाइन काट्ने तथा निजबाट क्षतिपूर्ति तथा जरीवानालगायतका दस्तूर समेत असूलउपर गर्नु पर्ने ठहऱ्याएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०४८२, उत्प्रेषणयुक्त परमादेश समेत, *राजविरदास वि. प्रतीमा पोखरेल बाहुनी समेत*

असाधारण अधिकारको उपचार संविधान र कानूनद्वारा स्थापित निर्विवाद हक अधिकारको प्रचलनको लागि मात्र प्रयोग हुने हो । प्रस्तुत विवादमा निवेदकले आफ्नो निर्विवाद हक स्थापित गर्न सकेको देखिँदैन । कोठा भाडा लिने दिने वा कोठा भाडामा बस्न दिने नदिने कुरा संविधान र कानूनद्वारा निर्धारित न भै पक्षहरूको आपसी समझदारी र सम्झौताबाट निर्धारण हुने कुरा हो । यस्तो सम्झौताद्वारा निर्धारित हुने व्यवहारमा रिट क्षेत्रबाट उपचार प्रदान हुन नसक्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको प्रतिवेदन नं. ००८२, वैदेशिक रोजगार, *कुण्डल जङ्ग कुँवर वि. नेपाल सरकार समेत*

कानूनले दिएको सुविधा माग गर्ने पक्षले कानूनद्वारा निर्दिष्ट कर्तव्य अनिवार्यतः पालना गरिएको हुनुपर्दछ । कानूनद्वारा निर्दिष्ट कर्तव्य पालना नगर्ने पक्षले सुविधा उपभोग गर्न नसक्ने न्यायको मान्य सिद्धान्त पनि हो । तसर्थ फरारी प्रतिवादीले अ.बं. १९४ नं को सुविधा प्राप्त गर्न नसक्ने ।
इति संवत् २०६७ साल पुस १६ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको स.फौ.पु.नं. ८३४, खोटाचलन, *अब्दुल मजिद सिद्धिकी मनिहार वि. नेपाल सरकार*

प्रतिवादी अब्दुल मजिद सिद्दिकीले विदेशी राष्ट्रको मुद्रा सरह चलन चल्तीमा आउन सक्ने भारतीय मुद्रा ल्याई राखेको अवस्थामा बरामद भएको भन्ने निजको अनुसन्धान अधिकारीसमक्ष भएको साविती बयान र बरामदी मुचुल्काका मानिस अरूणकुमार सिँहको बकपत्र व्यहोराबाट पुष्टि भएको छ । यसका अतिरिक्त परीक्षण प्रतिवेदनबाट उक्त नोटहरू जाली देखिएपछि उक्त कार्य मुलुकी ऐन खोटा चलनको ८ नं. विपरीतको देखिएकोले सोही महलको ८ नं. बमोजिम वादी पक्षले लिएको दावीअनुसार कसूर कायम हुने ।
इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. १९८, जग्गा खिचोला चलन, *अर्जुनजी महतो वि. वचनी देवी कुर्मिनी*

वादीको कि.नं. २१९ को जग्गाको क्षेत्रफलभित्र निज वचनीदेवीले आफ्नो स्वामित्व वा भोगको जिकीर पनि नलिनुको अतिरिक्त निजको दर्ता स्रेस्ताभन्दा बढी जग्गा रहेको पनि देखिएको छैन । तसर्थ नक्सा मुचुल्काको न.नं. ११ मध्ये पश्चिम दक्षिणतर्फको विवादास्पद भनिएको जग्गामा प्रतिवादी बचनीले आफ्नो कि.नं. २१९ भित्रको हो भनी जिकीर नलिएको तथा वादीको कि.न. २१२ जग्गाभन्दा उत्तरतर्फ मात्र प्रतिवादी वचनीको कि.नं. २१२ को जग्गा देखिदा प्रतिवादी वचनी कुर्मीनको हकमा खिचोला गरेको शुरू फैसला केही उल्टी हुने ।
इजलास अधिकृत : कमलराज बिष्ट
इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. ०१८६, निर्णय दर्ता बदर, *भाजुरत्न शाक्य वि. प्रेमलाल श्रेष्ठ*

विवादित कि.नं. ९० को जग्गाको साविकमा फिल्डबुक तयार गर्दा र मालपोत कार्यालयबाट दर्ता स्रेस्ता तयार हुदाका अवस्थामा समेत श्री ५ को सरकारको गुठी भन्ने जनिएको र त्यस्तो श्री ५ को सरकारको नाउँ जनिई फिल्डबुक तथा दर्ता स्रेस्ता तयार भएका जग्गा राजगुठीकै हुन् भन्ने गुठी लगत तथा तहसील कार्यालयबाट निर्णय भएको र सो निर्णय अन्यथा नभएको एवं अघि सूर्यलालसँग चलेको जग्गा खिचोला मुद्दाको फैसलामा समेत विवादित जग्गामा प्रतिवादीको हकको भनी नबोलेको अवस्थामा त्यस्तो जग्गामा प्रतिवादीको नाममा निजी गुठीमा दर्ता गर्ने गरेको निर्णय कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९८३८, अंश दर्ता, *योगेन्द्रप्रसाद यादव समेत वि. महेन्द्रनारायण यादव*

प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएमा एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । बुझिएकी योगेन्द्र यादवको श्रीमती रामश्रृंगारीदेवी समेत प्रस्तुत मुद्दामा अंशियारमध्येको व्यक्ति रहेकोमा विवाद छैन । निजले विभिन्न व्यक्तिहरूबाट विभिन्न सालमा खरीद गरेका जग्गाहरू आफ्नो निजी ज्ञान, स्रोतबाट आर्जित सम्पत्तिबाट खरीद गरेको भनी प्रमाणित गर्न सकेको पाइँदैन । उक्त जग्गाहरू अन्य व्यक्तिबाट दान बकसका रूपमा प्राप्त गरेको नदेखिई राजीनामाद्वारा खरीद गरेको देखिँदा त्यस्तो सम्पत्ति सगोलको सम्पत्तिबाटै खरीद गरेको मान्नुपर्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ८९५५, फैसला बदर, *बाबुलाल साह कानू समेत वि. गम्भिरा साह तेली*

पुनरावेदन अदालतको मिति २०५७।८।२१ को फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) बमोजिम दोहोऱ्याई पाऊँ, भनी यिनै वादीको यस अदालतसमक्ष निवेदन दर्ता भै कारवाही हुँदाका क्रममा यी पुनरावेदक वादी उक्त मुद्दाका निवेदकलाई यस अदालतबाट तोकिएको मिति २०६३।१।११ गतेको तारेख निजले गुजारी ऐन नियमले थाम्ने थमाउने अवधि समेत व्यतीत भई सो निवेदन आजै यस इजलासबाट तामेलीमा रहने गरी आदेश भएको छ । यसरी मोही नामसारी मुद्दामा वादीले तारेख गुजारी उक्त मुद्दाको तथ्यभित्र प्रवेश नगरी तामेलीमा रहेको र हाल निज मोही कायम भै नसकेको अवस्थामा प्रस्तुत फैसला बदर हुने अवस्था नदेखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल असोज १० गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८८५८, बाली बिगो, *नन्दी यादव वि. उमेशकुमार देव*

गा.वि.स. को अध्यक्ष गा.वि.स.को प्रमुख पदाधिकारी भएको र उसको काम, कर्तव्य र अधिकारको बारेमा कानूनमा नै व्यवस्था भएको अवस्थामा गा.वि.स.को अध्यक्षले आफ्नो कार्यकालमा पदीय हैसियतले गरेको काम कारवाहीको जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित गा.वि.स.ले लिनुपर्नेमा बरबुझारथ नगरेको भन्ने आफ्नो आन्तरिक व्यवस्थापनमा भएको कमजोरी उल्लेख गरी उम्कने कुरा युक्तिसंगत नदेखिने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६३-WO-०९७२, उत्प्रेषण मिश्रित परमादेश, *शिवकुमार श्रेष्ठ वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. ५ कपिलवस्तु समेत*

कानूनले दिएको सुविधाबमोजिम मध्यस्थताद्वारा विवाद समाधान गर्न पक्षहरू स्वतन्त्र हुन्छन् । यस्तो अवस्थामा मध्यस्थ नियुक्ति गरिपाऊँ भनी निवेदकले पुनरावेदन अदालत बुटवलमा निवेदन दिएको अवस्थामा पुनरावेदन अदालतले Appointing Authority को हैसियतले मध्यस्थ हुने व्यक्ति नियुक्तिसम्म गरिदिने हो । वादी दावी लिए झैं सम्झौताको विषयवस्तुभित्र प्रवेश गरी कुन पक्षले सम्झौता पालना गर्‍यो कि गरेन उक्त कुराको विवेचना गर्दै Award दिने होइन । सम्झौतामा मध्यस्थद्वारा विवाद समाधान गर्ने व्यवस्था भएकोमा मध्यस्थ नियुक्तिको लागि परेको निवेदनमा अदालतले मध्यस्थ नियुक्ति गरिदिनु पर्ने आफ्नो दायित्वबाट पन्छिने हो भने मध्यस्थद्वारा विवादको समाधान गर्ने अवधारणा र सोसम्बन्धी कानूनी व्यवस्था नै निरर्थक हुन जाने ।

इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-००३२, लागू औषध, *रमेश नेपाली वि. नेपाल सरकारस्टि*

प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम कुनै कुरा यस्तो हो भन्ने पक्षले सो को अस्तित्व प्रमाणित गर्ने भार निजैमाथि रहने हुँदा उक्त व्यवस्थाअनुसार त्यस्तो तथ्य प्रमाणित गर्न सकेको पाइँदैन । अर्कोतर्फ वादी पक्षका साक्षीहरू शुक्रराज पौडेल र रनदेवी पुनले रोयल गेष्ट हाउसबाट ब्राउन सुगर बरामद भएको हो भनी अदालतसमक्ष उपस्थित भई बरामदी मुचुल्कालाई पुष्टि गरिदिएको अवस्था छ । यसरी पुनरावेदक प्रतिवादीले भाडामा दिएका व्यक्तिको कोठा नं १०८ भित्र लागू औषध(ब्राउन सुगर) बरामद भएको न भै निजकै होटलको भान्साकोठाबाट बरामद भएको भन्ने अवस्था देखिँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय हुने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९७२०, राजीनामा सिफारिश बदर हक कायम, *इनरमती कुर्मिनी वि. श्यामसुराती कुर्मिनी समेत*

वादीले उल्लेख गरेको अनुसार विवादित घरको नाप साइज तथा विवादित घर जग्गाको चौहद्दी मिल्न भिड्न नआई वादीको हकभोगमा नदेखिई गा.वि.स.बाट प्र. श्याम सुरातीको नाममा भोग प्रमाणित भएको देखिएको र गा.वि.स.को सिफारिशको आधारमा उक्त घर जग्गा दिने श्याम सुराती लिने केशव कुर्मी भएको र.नं. ८६३० को राजीनामा लिखत पारित भएको देखिँदा वादी दावीबमोजिम उक्त सिफारिश र राजीनामा लिखत बदर गर्न मिल्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ३७३१, कीर्ते जालसाजी, *रामउगर कुर्मी वि. श्याम सुराती कुर्मिनी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९१८८, छुट पोखरी दर्ता कायम, *दिगम्बर चौधरी समेत वि. वैद्यनाथ झा समेत*

विवादित पोखरीको २०२६ सालपश्चात् मालपोत तिरेको पाइँदैन । भई आएको नक्सामा पोखरीको डिलमा दुर्गा मन्दिर, ब्रम्हस्थान र साविकमा

विद्यालय समेत रहेको भनी उल्लेख भई आएको पाइन्छ । उक्त संरचनाहरू वादीले आफैं बनाएको ठोस सबूद प्रमाण पेश गर्न सकेको देखिदैन । निजी पोखरीको डिलमा दुर्गा मन्दिर तथा ब्रम्हस्थान रहेको अदालतबाट सम्पन्न नक्सामा देखिन्छ, जसमा वादीले विवाद देखाउन सकेका छैनन् । अतः विवादित पोखरी निजी तवरले साविकमा खनाएको अवस्था थियो भने पनि समयक्रममा वादी पक्षबाट सो समाजलाई समर्पण गरिएको भई सार्वजनिक प्रयोगमा रहेको देखिदा अहिले आएर निजी ठहर्नु पर्छ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६१ सालको दे.पु.नं. ९१८९, पोखरी खिचोला चलन, *दीगम्बर चौधरी समेत वि. सुशील चौधरी समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।*

**इजलास नं. ४**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७-WH-००६२, बन्दीप्रत्यक्षीकरण, *लक्ष्मण लामिछाने वि. जिल्ला प्रशासन कार्यालय हेटौंडा, मकवानपुर समेत*

बिगो भराई पाउने युनाइटेड ब्रुअरी नेपालले जिल्ला प्रशासन कार्यालयको फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा दरखास्त समेत नदिई फैसला कार्यान्वयनको प्रक्रियामा सम्बन्धित पक्ष प्रवेश नगरेको अवस्थामा मुद्दाको निर्णय गर्ने विपक्षी जिल्ला प्रशासन कार्यालय मकवानपुरले तपसील खण्डमा उल्लेख गरी रिट निवेदकलाई बिगो बुझाउन नसकेको भनी सोबापत कैद पूर्जी दिई फैसलाको कार्यान्वयन स्वयं गरी निवेदकलाई कैदमा पठाएको देखिँदा विपक्षीको काम कारवाहीमा प्रथम दृष्टि (Prima facie) मा गम्भीर कानूनी त्रुटि रहेको देखिँदा जिल्ला प्रशासन कार्यालय मकवानपुर हेटौंडाको मिति २०६५।०३।१० को फैसलाको तपसील खण्डमा उल्लेख भएबमोजिम भनी मिति २०६५।६।८ को थुनुवा पूर्जी समेतका काम कारवाही गैरकानूनी र त्रुटिपूर्ण भई कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३२ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३३६४, ३३८०, सरकारी छाप दस्तखत कीर्ते, *दीपेन्द्र शेरचन वि. नेपाल सरकार, गुप्तमान शेरचन वि. नेपाल सरकार*

प्रतिवादीहरूको कार्यस्थलबाट राहदानी बरामद भएकोसम्म देखिएकोमा कसले कीर्ते गऱ्यो भनी भन्न नसकेको र निजहरूबाट नै दावीबमोजिम कसूर भएको जिकीर लिए पनि मिसिल प्रमाणबाट ठोस रूपमा उक्त दावी प्रमाणित हुन नआएकोले केवल अपराधको अनुमान गरी फौजदारी कसूरमा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रि.नं. ३०३३, उत्प्रेषण समेत, *सन्देश शाक्य समेत वि. काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर समेत*

निवेदकहरूको उक्त कि.नं. १०४ को जग्गा विपक्षीहरूले जग्गा प्राप्ति ऐनबमोजिम प्राप्त गरेको देखिँदैन । उक्त जग्गा काठमाडौं उपत्यका नगर विकास समितिअन्तर्गतको कुलेश्वर आवास योजनाभित्र परेको र उक्त जग्गा विभिन्न व्यक्तिहरूलाई बिक्री वितरण गरेको स्वीकार गरी निवेदकहरूलाई सो जग्गाको सट्टा भर्ना दिने वा मुआब्जा दिनेसम्मको

कारवाहीअगाडि बढाएको अवस्थामा सो जग्गा यथास्थितिमा राखी पाउन परेको निषेधाज्ञा मुद्दा खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको आदेशका आधारमा प्रस्तुत जग्गाको कारवाही तामेलीमा राखेको देखिन्छ । यसरी निवेदकहरूको उक्त जग्गा विपक्षीहरूले कानूनबमोजिमको प्रक्रिया पूरा नगरी निवेदकहरूलाई थाहा जानकारी नदिई आफ्नो पक्ष राख्न पाउने निवेदकहरूको प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुने गरी विपक्षी नगर विकास समितिले आफूअन्तर्गतको कुलेश्वर आवास योजनाअन्तर्गत पारी सकेपछि निवेदकहरूले आफ्नो जग्गा फिर्ता पाउन प्रयास गरेको प्रस्तुत कारवाहीमा उक्त जग्गा सडकमा परे नपरेको, सट्टा भर्ना दिनु पर्ने नपर्ने वा मुआब्जा दिनु पर्ने नपर्ने के हो सो सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नुपर्नेमा सो केही नगरी उक्त कारवाही तामेलीमा राखेको कानूनसंगत मान्न मिल्ने देखिएन । यस्तो कानून तथा प्राकृतिक न्याय समेतको विपरीतको निर्णयलाई कायम राख्न नमिल्ने हुँदा विपक्षी काठमाडौं उपत्यका नगर विकास समितिले गरेको मिति २०६०।९।२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं. ११५०, अबण्डा जग्गा बण्डा, *अन्दु चौधरी वि.नागिन चौधरी समेत*

वादी प्रतिवादीबीच चलेको अंश मुद्दामा दावीको जग्गा बण्डा लाग्ने दर्ताभित्रको हो र उक्त विवादास्पद जग्गा अंशियाराको भोगमा रहेको भनी पुनरावेदक वादीले स्पष्ट रूपमा उल्लेख गर्न नसकेको साथै उक्त जग्गा अबण्डा रहेको भनी सबूद प्रमाण पेश गर्नु पर्ने दायित्वबाट वादी विमुख भएको अवस्थामा वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेगमी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२-CI-८३५४, अंश, *अशोककुमार श्रेष्ठ वि. शारदादेवी श्रेष्ठ (पुडासैनी)*

प्रतिवादी शारदादेवी श्रेष्ठले पनि अन्य अंशियार समेतको हक लाग्ने विवादित कि.नं. ३५२६ को जग्गा अंशियारमध्येकै आफ्नो पति जंगबहादुरबाट बकसपत्रको रोहबाट प्राप्ति गरेकाले कि.नं. ३५२६ को घर जग्गालाई सगोलकै सम्पत्ति विवादरहित रूपमा मान्नुपर्ने हुन आयो । त्यस्तो सम्पत्तिबाट वादीले अंश नपाउने भनी ठहर गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६७-WH-०००७, उत्प्रेषण, प्रतिषेध परमादेश समेत, *प्रतिभा श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, बबरमहल समेत*

निवेदकका विरूद्ध प्रविन पुनले दिएको ठगी मुद्दाको जाहेरी दरखास्तअनुसार थप अनुसन्धानको लागि मुद्दा हेर्ने न्यायिक निकाय, काठमाडौं जिल्ला अदालतबाट कानूनबमोजिम म्याद थप गरी हिरासतमा राखिएको भन्ने कागज पत्र एवं लिखित जवाफ व्यहोरा समेतबाट देखिन आएकोले कानूनबमोजिम दायर भएको मुद्दामा अनुसन्धान एवं पुर्पक्षको लागि न्यायिक हिरासतमा राखिएको कुरा कानूनसंगत नै देखिने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६५-CI-००१७, निषेधाज्ञा, *गंगामाया श्रेष्ठ वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरबार समेत*

निवेदकले घर निर्माण गर्न नक्सा पास गर्न काठमाडौं महानगरपालिकामा पेश गरेको नक्सा

दरखास्तमा नै निजको जग्गाको पश्चिमपट्टि ४ मीटरको बाटो भएको देखाएको भन्ने समेत कुरा काठमाडौं महानगरपालिकाको लिखित जवाफमा उल्लेख भएको र निवेदकको का.म.न.पा. बाट पास भएको देखिएकोले उक्त बाटो पहिलेदेखि नै अस्तित्वमा रहेको कुरा पुष्टि हुन आयो । अतः उल्लिखित तथ्य, प्रमाण समेतको आधारमा परापूर्व कालदेखि रहिआएको बाटो रोकिपाऊँ भनी दायर भएको निवेदन खारेज हुने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ५१८, निषेधाज्ञा, *जगदीशप्रसाद यादव समेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सा समेत*

निवेदन दावीको जग्गाहरूमा यी निवेदकहरूको निर्विवाद हक स्वामित्वको कुनै प्रमाण पेश हुन सकेको देखिन आएन । मिसिल संलग्न फिल्डबुकको कैफियतमा विवादको जग्गा ऐलानी सार्वजनिक भनी उल्लेख भएको देखिन आयो । उल्लिखित खिचोला मुद्दामा भएको फैसलामा पनि सो विवादको कि.नं. ३३ को जग्गा सार्वजनिक ठहर भएको, साथै मालपोत कार्यालय पर्साको २०५४।३।३ को पत्रबाट पनि विवादित कि.नं. ३३ को जग्गा ऐलानी पर्ती जग्गा जनिई दर्ता भएको देखिन आयो । अतः दावीको जग्गा सार्वजनिक रही निवेदकको निर्विवाद हक स्वामित्व भएकोले निवेदन खारेज हुने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३-CR-६७६, जबर्जस्ती करणी, *नेपाल सरकार वि. गोविन्द श्रेष्ठ*

करणी भए नभएको तथ्यको यकीन पीडितको शारीरिक अवस्था र शारीरिक जाँचबाट गर्नुपर्ने हुन्छ । ६ वर्षकी नाबालिकालाई पूर्ण वयष्क पुरूषले करणी गरेको ठहर गर्न त्यस्ती पीडिता नावालिकाको शरीरमा करणीबाट पर्न गएको असर र लक्षण नितान्त अभाव रहेको देखिएकोले जबरजस्ती करणीको कसूर कायम गरी प्रतिवादी गोविन्द श्रेष्ठलाई कैद वर्ष १० (दश) र निज प्रतिवादीबाट पीडितलाई आधा अंश दिलाउन नपर्ने भै मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ५ नं. बमोजिम उद्योग गरेकोमा ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०३०७, उत्पेषण मिश्रित परमादेश, *सानुमैयाँ श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्ली बजार समेत*

विवादित रहेको कि.नं. ६६६ को जग्गाको हकमा आफ्नो भए अदालतबाट हक कायम गरी ल्याउनु भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्तिम भैरहेको परिप्रेक्ष्यमा मालपोत कार्यालयबाट सो फैसला समेतको अनुशरण गर्दै हक कायममा उजूर गर्न जानु भनी मिति २०६३।५।१ मा भएको निर्णयमा कानूनी त्रुटि रहे भएको देखिन आएन । निवेदकको मागबमोजिम मालपोत कार्यालयको निर्णयबाट निजको संविधान र कानूनद्वारा प्रदत्त हकमा आघात परेको भन्ने नदेखिदा खारेज हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०१०१, निर्णय बदर दर्ता बदर, दर्ता, *ध्रुबदेव गिरी वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

गुठी अधिनस्थ जग्गालाई गुठी तैनाथीमा दर्ता गर्न सक्ने अधिकार गुठी संस्थान ऐन, २०३३ को दफा ३९(१) ले गुठी संस्थानलाई दिएको देखिन आउँछ भने सो निर्णयमा चित्त नबुझे सो ऐनको दफा ३९(

२) बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्ने हुन आयो । यसरी कानूनले व्यवस्था गरेअनुरूप वादीले उल्लिखित मिति २०५१।१२।२९ को गुठी संस्थानको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन गर्न नगई सो मिति २०५१।१२।२९ को गुठी संस्थानको निर्णय बदर गराई माग्न शुरू जिल्ला अदालतमा गएकोले अधिकारक्षेत्रको त्रुटि स्पष्ट नै देखिन आयो । अतः अधिकारक्षेत्रात्मक त्रुटि भएको अवस्थामा मुद्दाको तथ्य र औचित्यभित्र प्रवेश गरिरहनु नपर्ने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ ६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं ३३६३, प्रतिषेध, उत्प्रेषण परमादेशको आदेश जारी गरिपाऊँ, *गणेशमुनि बज्राचार्य समेत वि. इलाका प्रहरी कार्यालय कीर्तिपुर समेत*

गुठी संस्थानले निवेदकहरू मध्येका ज्ञानरत्न बज्राचाईलाई आफ्नो जिम्मामा रहेको देवदेवीका गरगहना भाँडावर्तन समेत बरबुझारथ गर्न इन्कार गरेकोले नगरपालिकाको सम्बन्धित बडा कार्यालयबाट सो म्याद रीतपूर्वक टाँस गरी तामेल गरी तोकिएको मिति २०६३।१।२१ गतेका दिन बरबुझारथका लागि निज ज्ञानरत्न बज्राचार्य गुठी घरमा उपस्थित नभएकोले कानूनको रीत पुर्‍याई नवनियुक्त थकाली धर्मपुत्री बज्राचार्यलाई गुठीको सम्पूर्ण सम्पत्ति एवं जिम्मेवारी जिम्मा लगाउने गरी विपक्षी गुठी संस्थानबाट भएको कार्य अन्यथा भएको नदेखिने ।

इजलास अधिकृत : रमेश रिजाल

इति संवत् २०६७ साल भदौ ६ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२-WO-३१२०, उत्प्रेषण, *गंगादत्त जोशी वि. ५ नं. नापी गोश्वारा कञ्चनपुर महेन्द्रनगर समेत*

विवादित जग्गाका सम्बन्धमा जग्गा दर्ताका लागि दिएको निवेदनमा ५ नं. नापी गोश्वारामा उपस्थितका लागि २०६२।८।२२ मा पत्राचार हुँदा सो सूचना निजको एकाघरको छोरी जानकी जोशीले बुझी आवश्यक कागजातहरू २०६२।९।५ गतेभित्र पेश गर्नेछु भनी मिति २०६२।८।३० मा निवेदन दिएको र साथै निवेदकका छोरा टिकेन्द्रप्रसाद जोशीले मिति २०६२।९।३ निवेदनसाथ प्रमाण कागज पेश गरी सो समेतका कागज प्रमाण हेरी ५ नं. नापी गोश्वाराले निर्णय गरेकाले उचित सुनुवाइको मौका प्रदान नगरेको भन्न नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल भदौ २ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** ०६६-CI-०४३८, मोहीयानी हक पुनः स्थापित गरिपाऊँ, *सूर्यमान महर्जन वि. ललितादेवी श्रेष्ठ*

जुन समयमा जुन कानूनी व्यवस्था लागू र बहाल रहन्छ सो समयमा सो कानूनी व्यवस्थाको प्रचलन गरी आफ्नो हकको माग गर्न मिल्ने र अदालत वा न्यायिक अधिकारीले तत्काल प्रचलित रहेको कानून र कानूनी व्यवस्थाबमोजिम दावीकर्ताको हक प्रचलन गराई दिन मिल्ने । अघि बहाल रहेको तर दावी गर्दाको अवस्थामा खारेज भई कायम नरहेको कानूनी व्यवस्थालाई आधार मानी दावी गर्न र निर्णयकर्ताले सो दावीको आधारमा खारेज भइसकेको कानूनबमोजिम वादी दावीबमोजिम गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल बैशाख ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** ०६३-WO-०८४६, उत्प्रेषण, *भोजराज शर्मा वि. प्र.मं. तथा मन्त्रिपरिषद् सचिवालय समेत*

आफ्नो अधिकारक्षेत्रभित्रको सवारी ज्यान मुद्दामा कानूनबमोजिम प्रतिवादको मौका समेत दिई तेस्रो पक्ष बीमाको रकम भराई दिने ठहर्‍याएको

सिरहा जिल्ला अदालतको फैसला कानूनअनुकूल नै रहेको हुँदा कानूनबमोजिम भए गरेको कार्यबाट संविधान र कानूनप्रदत्त हक हनन् भएको भन्न नमिल्ने हुनाले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३२०४, उत्प्रेषण/परमादेश, *चन्द्रबहादुर श्रेष्ठ वि. महेशप्रसाद अधिकारी समेत*

आफ्नो अधिकारक्षेत्रभित्र रही आवश्यक प्रमाण बुझी निवेदक समेतलाई सूचना दिई जग्गाधनी र मोहीबीच नरम करम मिलाई जग्गा बाँडफाँड गरेको भूमिसुधार कार्यालय काठमाडौंको मिति २०६१।५।१५ को निर्णयमा कुनै त्रुटि नदेखिदा कानूनबमोजिम भए गरेको निर्णयबाट निवेदकको हक हनन् भएको भनी सम्झन मिल्ने नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CI-००१९, निषेधाज्ञायुक्त परमादेश, *महेन्द्र श्रेष्ठ समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

संस्था दर्ता गर्ने आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालयले निर्वाचन मण्डल गठन गरी उक्त समितिको बीच उठेको विवाद समाधान गरी तोकिएको कार्य सम्पन्न भैसकेको र विवादको निरोपण समेत भई सकेको अवस्थामा मागबमोजिमको निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने स्थिति नदेखिएको हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. CR-००१८, *सानुकाजी प्रजापती वि. पदमबहादुर थापा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. ३२४४, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद दवाडी समेत वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर समेत*

शिक्षक सेवा आयोगले गरेको बढुवा सिफारिशउपर शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३४ अनुसार पर्न आएको उजूरीउपर छानबीन गर्दा निवेदकहरूले प्राप्त गरेको अंक विपक्षी शिक्षकहरू मध्येका संशोधित बढुवा नामावलीमा अन्तिम पैंतीसौं नम्बरमा नाम प्रकाशित भएका लक्ष्मीकान्त सापकोटाले प्राप्त गरेको कूल अंक ८८.३३ स्पष्ट रूपमा शिक्षक सेवा आयोगबाट भएको बढुवाको सक्कल निर्णय पुस्तिकाबाट देखिँदा देखिदै सोभन्दा कम अङ्क प्राप्त गरेका यी रिट निवेदकहरूलाई बढुवा सूचीको योग्यताक्रमबाट हटाई विपक्षी शिक्षकहरूलाई बढुवाको सिफारिश गरी बढुवा कायम गर्ने गरेको शिक्षक सेवा आयोगको मिति २०६२।१०।७ मा भएको निर्णय कानूनसम्मत नै देखिँदा निवेदकको कुनै कानून एवं संवैधानिक हक अधिकारमा आघात परेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको रिट नं. ३१७९, उत्प्रेषण परमादेश, *रघुनाथ घिमिरे समेत वि. शिक्षक सेवा आयोगसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CI नं. ००७३, परमादेश, *सि.यू.(चौधरी उदय) आनन्द वि. श्रम कार्यालय, बागमती अञ्चल समेत*

निवेदकले अखिल नेपाल सञ्चार छापाखाना मजदूर संघ जालसाजीपूर्ण तरिकाले गठन गरेको भन्ने दावी परे पनि सो सम्बन्धमा निवेदक व्यवस्थापकलाई जानकारी र सूचना गरी निवेदकबाट कुनै प्रतिक्रिया नजनाई बसेपछि यूनियन गठन गर्दाको अवस्थामा पुऱ्याउनु पर्ने ऐन नियमबमोजिमको प्रक्रिया पूरा गरी दर्ता गरी प्रमाणपत्र समेत प्रदान गरेको देखिएको र निवेदकले मौकामा कुनै उजूरबाजूर नगरी बसेको तथा यूनियन दर्ता गर्ने नगर्ने सम्बन्धमा सुनुवाइको मौका प्रदान गरेको समेतको अवस्था र स्थितिमा मागबमोजिमको आदेश जारी गरी रहन नपर्ने।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५-CI-०१३२, अंश छोडपत्र बदर, *तीर्थ महर्जन वि. बाबुराजा महर्जन*

मुद्दा चल्दाचल्दैको अवस्थामा अदालतको विचाराधीन विषयमा विपरीत असर पर्ने गरी गरेको लिखत व्यवहारलाई मान्यता दिन नमिल्ने।

सगोलको अंशियार समेतको अंशहक लाग्ने सम्पत्ति अंशियारको मञ्जूरी बेगर अंशियारलाई अंश हकबाट बञ्चित गर्ने उद्देश्यले अंश छोडपत्रको लिखतबाट हक हस्तान्तरण गरेको देखिदा सो अंश छोडपत्रको लिखतको मान्यता पाउन सक्ने देखिएन। अतः पारीत अंश छोडपत्रको लिखतमध्ये वादीको हक जति वादी दावीबमोजिम ४ भागको १ भाग बदर भई वादीको नाउँमा दा.खा. समेत हुने।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५-CI-०११० र ०१११, जालसाजी, *तीर्थ महर्जन वि. बाबुराजा महर्जन*
- २०६५-CI-०१३३, बकसपत्र बदर, *तीर्थ महर्जन वि. शारदा श्रेष्ठ समेत*
- २०६५-CI-०१३४, बकसपत्र बदर, *तीर्थ महर्जन वि. बाबुराजा महर्जन समेत*
- २०६५-CI-०१३५, बकसपत्र बदर, *तीर्थ महर्जन वि. बाबुराजा महर्जन समेत*
- २०६१-CI-०१३६, बकसपत्र बदर, *तीर्थ महर्जन वि. दुर्गादेवी महर्जन समेत*
- २०६५-CI-०१३७, निर्णय बदर, *तीर्थ महर्जन वि. बाबुराजा महर्जन*
- २०६१ सालको दे.पु.नं. ८२७१, अंश चलन, *सत्यनारायण महर्जन वि. बाबुराजा महर्जन*
- २०६१ सालको दे.पु.नं. ८२७२, निर्णय बदर, *सत्यनारायण महर्जन वि. बाबुराजा महर्जन*
- २०६१ सालको दे.पु.नं. ८२७३, बकसपत्र बदर, *सत्यनारायण महर्जन वि. बाबुराजा महर्जन*

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५-CI-०१३८, घर भत्काई चलन, *तीर्थ महर्जन वि. शुभद्राकुमारी अमात्य (राजभण्डारी)*

निषेधाज्ञाको मुद्दाबाट समेत घर देखिएको, सो घरको निर्माण कार्य सम्पन्न भएको मिति खुलाई ऐनका म्यादभित्र दावी लिन नसकेको अवस्थामा कानूनबमोजिम नक्सा समेत पारित गरी निर्माण भएको घर भत्काउन नमिल्ने।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल माघ २७ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४-CR-०४६१, आयकर, *नवराज भण्डारी वि. शिवकुमार शर्मा*

भाडाबापत रकम प्राप्त भएको भनी नदेखिएसम्म अनुमानका भरमा खुद आय कायम

गर्न मिल्ने समेत देखिदैन । भाडाबापत रकम प्राप्त गरेको भए पहिले सो पक्षहरूको बीच भएको सम्झौतापत्रमा उल्लेख भै मासिक वा वार्षिक रूपमा के कति रकम प्राप्त हुने हो सो समेत खुलेको हुनुपर्दथ्यो । आयकर प्रयोजनको लागि आय गणना गर्दा आम्दानी भएको ठोस सबूद प्रमाण सहित पुष्टि भएको हुनुपर्दछ, केवल अनुमानको भरमा वस्तुनिष्ठ प्रमाणको अभावमै आम्दानी गऱ्यो भनी कर लगाउनु न्यायोचित नहुने ।

राजश्व न्यायाधीकरणले सरचार्जबापत रकम प्राप्त गरेको यथेष्ट प्रमाणको अभावमा सो रकमलाई आयकर प्रयोजनको लागि खुद आयमा समावेश नगर्ने गरेको तथा अर्को कम्पनीलाई निर्माण सामग्री उपलब्ध गराएबापत् भाडा प्राप्त गरेको नदेखिएको हुँदा सो अङ्क समेतलाई खुद आय कायम गर्न नमिल्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको CI-०२०३, लिखत दर्ता बदर दर्ता, *अमरनारायण खत्वे समेत वि. दशन खत्वे समेत*

बाबुलाई घर व्यवहार चलाउन जिम्मेवार बनाई केही विशेषाधिकार दिएको अंशबण्डाको महलको १९ नं. को व्यवस्थाले जुनसुकै उमेरको दाजु भए पनि त्यस्तो दाजुले बाबुले जस्तै विशेषाधिकार प्राप्त गर्दछ भन्न मिल्दैन । बाबु र दाजुबीच नातामा मात्र नभएर उनीहरूले अन्य अंशियारलाई गर्ने व्यवहारमा पनि भिन्नता हुन सक्ने परिस्थितिलाई समेत मध्यनजर गरेर बाबुलाई मात्र प्रयोग गर्न दिएको अधिकार दाजुले समेत प्रयोग गर्न पाउँछ भन्नु तर्कसंगत हुँदैन । तसर्थ भाईको मञ्जूरी नलिई दाजुले भाइको अंशहक नै मार्ने गरी गरेको कारोवारले मान्यता पाउन नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-२८९, CR-०३३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपी धामी समेत, केशवबहादुर धामी वि. नेपाल सरकार*

आवेश प्रेरित हत्याको वारदात हुनको लागि त्यस्तो वारदातमा आपराधिक मनसायको विद्यमानता हुन हुँदैन । मनसाय तत्वको निर्धारण गर्ने भनेको अपराध गर्दा प्रयोग भएको शैली एवं अपराधी र पीडितबीच पूर्व रिसइवी केही थियो वा थिएन भन्ने जस्ता कुराहरूले निर्धारण गर्ने गरिन्छ । प्रस्तुत वारदातमा बाबुछोरा मिलेर पीडितलाई समाती टाउकोलगायत संवेदनशील स्थानमा प्रहार गरी नमरेसम्म नछोड्ने कार्य गरेको देखिँदा सो कार्यले यी प्रतिवादीहरू गोपी धामी तथा केशवबहादुर धामीले मृतकलाई मार्नकै लागि लाठी, ढुंगा तथा हँसिया प्रहार गरेको हो भन्ने देखिन आउँछ । त्यसै गरी मृतकलाई मार्ने नियत पुरानो नै हुनुपर्छ भन्ने नभै वारदात हुँदाको अवस्थामा पनि मार्ने नियत नै सिर्जना भै मार्ने हिसाबले नै कुटपीट हुन्छ भने त्यो कार्य कर्तव्य ज्यानको वारदात स्थापित भै ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको अपराध हुन जाने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साउन ३१ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३७१, निर्णय बदर दर्ता नामसारी समेत, *मालपोत कार्यालय दाङ, घोराही वि. भगवती उपाध्याय*

विवादित जग्गा मिति २०२४।९।१४ मा दमनकुमार श्रेष्ठबाट राजीनामा पारित गरिलिएको सो पारित राजीनामाको चार किल्लाभित्रकै जग्गा भनी दावी गरिसकेपछि सर्भे नापीमा पर्ति जनिएको कारण सरकारी छूट जग्गा दर्ता समितिले सरकारी जग्गा भनी दर्ता गरेको भए पनि सो दर्ता गर्ने निर्णयभन्दा पूर्व नै छूट जग्गा दर्ता गरिपाऊँ भनी जग्गाको राजीनामा पारितको स्रोत र चारकिल्ला

भित्रको भनी दावी गरिसकेपछि सोको निप्टारा नै नभएको अवस्था देखिदा उक्त विवादित कि.नं. २९४ को जग्गा वास्तविक रूपमा निवेदकले भनेबमोजिमको हो वा ऐलानी, पर्ती सार्वजनिक वा पानीघाट वा निकासा के हो सो कुराको प्रमाण बुझी प्रमाणको विवेचना र मूल्याङ्कन गरी ठहर निर्णय गर्नुपर्नेमा मालपोत कार्यालयले निवेदकको निवेदनका सम्बन्धमा कुनै यथार्थ प्रमाण नै नबुझी मिति २०४३।४।१४ मा तामेलीमा राख्ने गरेको निर्णय तथा सरकारी जग्गामा दर्ता भैसकेको भन्ने आधारमा गरेको निर्णयलाई मनासिब भनी अर्थ गर्न नसकिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल जेठ ९ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको WO-०१८९, उत्प्रेषण, *गफारमियाँ अन्सारी वि. पुनरावेदन अदालत, हेटौंडा समेत*

ऋण खाएपछि तिर्नु पर्दछ भन्ने कुरामा निवेदक सचेत भएको देखिँदैन । आफ्नो जग्गाको मूल्याङ्कन कम गराइएको भन्ने अनुमानित आधारमा अदालती काम कारवाहीलाई निष्प्रयोजन र निष्प्रभावी बनाउन मिल्दैन । त्यस्तो छूट यी निवेदकलाई पनि छैन । अन्तिम फैसलाको रूपमा कायम रहेको अदालती निर्णयको कार्यान्वयन हुनै पर्दछ । अन्यथा अदालतको फैसला र कानूनी प्रक्रियाको केही अर्थ नै नरहने ।

इजलास अधिकृत : देवेन्द्र ढकाल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ९६१८, बहाल भराई पाऊँ, *सवीर अन्सारी समेत वि. गफार मियाँ अन्सारी*

आफ्नो स्वामित्व र भोग पुनर्स्थापित नहुँदाको अवधिको क्षतिपूर्ति वा बाली बिगो वा आयस्ताको आधारमा घर बहालको दावी यी वादीले गर्न मिल्ने देखिँदैन । प्रस्तुत विवाद घरजग्गाको स्वामित्वमा तेरो मेरो परेको वा खर खिचोलाबाट सिर्जना भएको विवाद होइन । अपितु एउटाको स्वामित्वमा रहेको सम्पत्ति फैसला कार्यान्वयनसम्बन्धी अदालती काम कारवाहीबाट दोस्रो व्यक्तिमा स्वामित्व कायम भएकोमा पुनः पूर्व अदालती काम कारवाही बदर भएर पहिलेकै व्यक्तिको नाममा स्वामित्व कायम रहँदा निजले भोग चलन गरेको अवधिको घर बहाललगायतका सो घर जग्गाबाट हुने जग्गाको प्रतिफल वा आयस्तामा यी वादीको स्वतः हक कायम रहेको भन्न नमिल्ने ।

इजलास अधिकृत : देवेन्द्र ढकाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-०६८८, उत्प्रेषण, *महमद आलम अन्सारी वि. पुनरावेदन अदालत हेटौंडा समेत*

पुनरावेदन अदालत हेटौंडाबाट अ.बं. १७ नं. को अधिकार प्रयोग गरी एकै विषयमा आफैंले दुई फरक-फरक आदेश गर्नु कानूनविपरीत प्रक्रियागत त्रुटि हुनाका साथै न्यायिक अनुशासन समेतको अतिक्रमण गर्नु हो । त्यसबाट यी निवेदकको कानूनी अधिकारमाथि स्पष्ट रूपमा आघात पुगेको समेत देखिएकोले पुनरावेदन अदालत हेटौंडाले मिति २०६३।१०।५ मा गरेको आदेश कायम रहन नसक्ने ।

इजलास अधिकृत : देवेन्द्र ढकाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०१०५, अंश नामसारी, *कैरी मुसहर वि. बेचनी मुसहर समेत*

कैरी मुसहरका छोरा रोवन मुसहरले सोमारीका नाउँ दर्ताको जग्गा नामसारी गरी पाउन दिएको निवेदनमा सोमारीको मृत्यु २०३० सालमा

भएको र आमा कैरी हो भनी उल्लेख गरेको देखिन्छ। प्रतिउत्तर जिकीरमा उल्लेख भए झैं सोमारीको मृत्यु भएपश्चात् कैरी पोइल गएको भए पोइल गएकै व्यक्तिसँगबाट नागरिकता समेत बनेको हनु पर्नेमा त्यस्तो नभै सोमारीको मृत्युको धेरै वर्ष पछि २०४३ सालमा लिएको नागरिकता प्रमाणपत्र समेतका उल्लिखित लिखत प्रमाणहरूमा वादीको पति भनी सोमारीको नाम उल्लेख भइरहेको देखिन्छ।

यसरी उपलब्ध लिखत प्रमाणहरूले वादी दावीअनुरूप निज सोमारीकी पत्नी भएको र सोमारीकै सतमा बसिरहेको तथ्यलाई पुष्टि गरिरहेको स्थितिमा प्रमाण बिनाको प्रतिवादीको जिकीरलाई साँचो मान्न नमिल्ने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल असोज १९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-००५४, लिखत बदर, *विश्वनाथ ठाकुर समेत वि. लखवा यादव समेत*

विवादको जग्गामा वादीको हक र भोग चलन समेत रहेको भनी प्रमाणद्वारा पुष्टि हुन नसकी प्रतिवादी पक्षको हकभोग पुष्टि भएको हुँदा प्रतिवादीले सम्बन्धित गा.वि.स.बाट सिफारिश प्राप्त गरी मिति २०५५।९।२६ र.नं. ३४१२ बाट दिने लखवा यादव र लिने सुमित्रादेवी यादवनी भएको बकसपत्रको लिखत बदर गरिपाऊँ भन्ने दावी पुग्न नसक्ने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०६४-CI-००५२, घर जग्गा खिचोला चलन, *रामसुन्दर यादव वि. लखवा यादव समेत*
- २०६४ सालको दे.पु.नं. ०६४-CI-००५३, लिखत बदर, *विश्वनाथ ठाकुर समेत वि. सुमित्रा देवी यादव*
- २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-००५१, लुटपिट, *रामसुन्दर यादव वि. लखवा यादव समेत*
- २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-००५२, जालसाजी, *विश्वनाथ ठाकुर समेत वि. लखवा यादव समेत*

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-००४७, अपुताली नामसारी हक कायम, *भीमबहादुर खत्री वि. सोममाया कटुवाल*

वादीले कि.नं. १२७ र ११४ समेतका ९ कित्ता जग्गाको आधि जग्गामा अपुतालीको दावी गरेको पाइन्छ। उक्त कि.नं. १२७ र ११४ का प्रतिवादी भीमबहादर खत्रीको पारित अंश भर्पाइमा उल्लेख भइसकेको देखिन्छ। उक्त जग्गा केवल स्रेस्तामा सम्म मिलान नभई स्व. केशरबहादुरका नाममा रहेकोसम्म देखिन्छ। यसरी प्रतिवादी भीमबहादुर खत्रीको पारित अंश भर्पाइमा उल्लेख भइसकेको देखिन्छ। यसरी अंश भर्पाइमा पारित भइसकेको जग्गा निजको अंश भागको जग्गा हुँदा त्यसमा दावीबमोजिम वादीको हक हुन सक्ने देखिएन। उक्त कि.नं. १२७ र ११४ मा वादीको दावी नपुग्ने।

इलाम नगरपालिका वडा नं. ८(ख) कि.नं. २६४, ५४, ६२८, ७३६, ७९६ को जग्गा र जिल्ला इलाम वरबोटे गा.वि.स. वडा नं. ६(क) कि.नं. १२९ र १६९ को जम्मा ७ कित्ता जग्गामा आधाको पनि आधा जग्गामा मात्र वादीलाई अपुताली हक कायम हुने ठहर गरेको शुरू इन्साफ केही उल्टी गरी दावीबमोजिम आधा जग्गामा वादीको अपुताली हक कायम हुने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-००८६८, जग्गा खिचोला, *टेककुमारी शाह वि. धनु ओली*

वादी पुनरावेदिकाको नाममा मिति २०६०।८।१ मा जारी भएर मिति २०६०।९।१७ मा

तामेल भएको म्याद र तामेली प्रक्रियामा कुनै कानूनी त्रुटि रहन गएको भन्ने कुरा वादी पुनरावेदिकाले खुलाउन सकेको पाइदैन । उक्त निर्धारित मितिमा अदालतमा हाजिर नहुने र आफ्नो उपस्थिति नजनाई म्याद गुजारी बसेको र कानूनले थाम्न, थमाउन पाउने म्याद व्यतीत भइसकेको अवस्थामा अरू कारवाही हुन नसक्ने हुनाले अ.बं. १८५ क नं. को देहाय २ अनुसार जिल्ला अदालतले डिसमिस गरेको फैसला कानूनसम्मत देखिने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको दे.पु.नं. ०४०७, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. भूमिराज शर्मा समेत*

घा जाँच केश फाराम समेत मिसिल संलग्न नभएको अवस्थामा उपचार गर्दा लागेको क्षतिपूर्ति रकम प्रतिवादीबाट दिलाई भराई पाउन भनी बिल भरपाई संलग्न गरी वस्तुनिष्ट रूपमा पुष्टि गर्ने प्रमाणको अभावमा क्षतिपूर्तिको अभियोगपत्र दावी गर्दा कानूनले निर्दिष्ट गरेको घा जाँच केश फारामको अभावमा पीडित सुरेशराज शर्मालाई औषधि उपचार गर्दा लागेको क्षतिपूर्तिबापतको रकम भनी दुबै प्रतिवादीबाट दामासाहीका हिसाबले असूल गर्ने गरी शुरू जिल्ला प्रशासन कार्यालय पर्वतले मिति २०६५।९।२१ मा गरेको निर्णय मिलेको नदेखिदा सो क्षतिपूर्ति भराउने गरी गरेको निर्णयसम्म केही उल्टी हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०४७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CR-०२७१, अदालतको अपहेलना, *किशोरबहादुर कार्की वि. नेपाल ओलम्पिक कमिटी समेत*

मिति २०६३।१२।२ मा भएको आदेशले नेपाल ओलम्पिक कमिटीको निर्वाचन भैसकेको भन्ने आधारमा सो आदेशको निरन्तरता दिन नपर्ने भनी निवेदकको मागअनुसार अन्तरिम आदेश जारी गर्नु नपर्ने गरी पुनः अन्तरकालीन आदेश भएको देखियो । मिति २०६३।११।२८ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेशमा ओलम्पिक कमिटीको विधान २००७ अनुसार हुने निर्वाचन निवेदकको मागअनुसारको निर्वाचन भएको देखिदा ओलम्पिक कमिटीको विधान २००७ अनुसार हुने निर्वाचन स्थगित गराउने हकदैया निवेदकलाई भएको भन्ने प्रमाणको पुष्टि गर्न नसकेको अवस्थामा उजूर गर्ने हकदैयाको अभावमा निवेदन माग दावीबमोजिम विपक्षीहरूले अपहेलना गरेको भनी भन्न मिल्ने देखिन नआएबाट अदालतको आदेशको अपहेलनाको कसूर गरेको भनी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०४७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ०५९८, ५२३, कर्तव्य ज्यान, *अजय लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. बुद्ध लामा समेत*

प्रतिवादी अजय लामाले कर्तव्य गरी मृतक भन्टु साहलाई नमारेको भए निजले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको भनी कसूर अपराधमा सावित भै बयान गर्नुपर्नेसम्मको कुनै कारण उल्लेख गर्न नसक्नु र निजले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान निजको स्वेच्छा विरूद्ध भएको भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्ट्याई गर्न नसकेबाट निज अजय लामाले तरकारीको तिर्नुपर्ने रूपैयाँ मृतकले माग गर्दा नदिएकोले मृतकले गाली गलौज गरेको कारणबाट निजलाई खुकुरी प्रहार गरी मारेको हो भनी मौकामा उपस्थित छत्र राजबंशी र बुद्ध लामाले पोल गर्नुपर्ने सम्मको कुनै औचित्य नदेखिएको साथै आरोपित कसूरमा आफ्नो असंलग्नता वा निर्दोषिताको प्रमाण पेश गर्न सकेको नदेखिदा कसूरमा आफ्नो असंलग्नता वा निर्दोषिताको प्रमाण पेश गर्न सकेको नदेखिदा कसूरबाट सफाइ पाऊँ भन्ने प्रतिवादी अजय लामाको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादीहरू छत्र राजबंशी र बुद्ध लामाले मृतकको हात समाएको र मार्नमा सहयोग पुऱ्याएको भन्ने तथ्यमा अकाट्य रूपमा स्थापित हुन आएको छैन । यस स्थितिमा यी प्रतिवादीहरू अदालतमा पूर्ण इन्कार भएको र निजहरूले मृतक भन्टुलाई मार्न सहयोग पारी दिएको भन्ने अधिकार प्राप्त अधिकारीसमक्षको बयान अन्य स्वतन्त्र तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको नदेखिदा कसूर हुने शंकारहित वस्तुनिष्ठ प्रमाणको अभावमा कर्तव्य ज्यानजस्तो जघन्य फौजदारी अभियोगको कसूरमा कसूरदार हो भनी ठहर गर्नु फौजदारी न्यायको मान्यता प्रतिकूल हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३३७, दर्ता लगत कट्टा समेत, *सेमन्तराज चापागाई समेत वि. मिश्रीदेवी गिरी*

उपल्लो अदालतले शुरू अदालतको अधिकारक्षेत्र प्रयोग गर्ने कुरामा न्यायिक संयम राख्नु पर्ने हुन्छ । कारण कसैको पनि पुनरावेदकीय अधिकार आघातीत हुनु हुँदैन । पुनरावेदकीय क्षेत्राधिकार प्रयोग गर्ने निकायले शुरू निकायको अधिकारको प्रयोग गर्नु अनिवार्य नभई आवश्यकताका आधारमा गरिने हो । प्रस्तुत विवादमा प्रमाणको मूल्याङ्कन मात्रको प्रश्न नरही प्रारम्भिक रूपमा प्रमाण संकलन र परीक्षण हुनुपर्ने अवस्था छ । यस अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) को प्रयोग निरपेक्ष रूपमा हुन नसक्ने ।

गुठी संस्थानका प्रशासकको मिति २०५७।१।२ को निर्णय बदर गरी मिसिल संलग्न अन्य सबूद प्रमाणको मूल्याङ्कन गरी विवादित जग्गाको सम्बन्धमा विभिन्न तहबाट अघि भएका फैसला समेतलाई दृष्टिगत गरी अन्य सबूद प्रमाण बुझ्नु पर्ने भए बुझी वादी गुठी संस्थान र प्रतिवादी केशवराज गिरी समेत दुबै पक्षद्वारा प्रस्तुत सबूद प्रमाणको न्यायिक विवेचना र मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी तारेखमा रहेका पक्षहरूलाई गुठी संस्थानमा हाजिर हुन जानू भनी तारेख तोकी पठाई दिने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २४७०, उत्प्रेषणयुक्त परमादेश, *राजेनप्रसाद उपाध्याय वि. जि.वि.स., रौतहट समेत*

निवेदक उद्योगबाट कानूनविपरीत चिनीमा कर लगाउने तथा संकलन गर्ने कार्य गरिएको देखिदा विपक्षी जिल्ला स्तरीय राजस्व परामर्श समिति, जिल्ला विकास समिति रौतहटको मिति २०६२।२।२८ को सिफारिशको आधारमा जिल्ला विकास परिषद्, जिल्ला विकास समिति रौतहटले गरेको मिति २०६२।२।११ को निर्णय र जिल्ला विकास समिति रौतहटको मिति २०६२।३।८ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल कात्तिक १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०३९२, उत्प्रेषणयुक्त परमादेश, *सत्यनारायण चौधरी वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम १३३ ले पुनरावलोकन समितिको निर्णय अन्तिम हुने भनी स्पष्ट व्यवस्था गरेको र निवेदकलाई नेपाल विद्युत प्राधिकरणबाट भएको कारवाहीमा क्षेत्राधिकारको त्रुटि वा प्रत्यक्ष कानुनी त्रुटि रहेको भन्ने नदेखिएको विद्यमान अवस्थामा यस अदालतलाई प्राप्त असाधारण अधिकारक्षेत्रको प्रयोग गरी निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल भदौ १३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २६२६, उत्प्रेषणयुक्त परमादेश, *रोहिणीरमण पण्डित वि. पुनरावेदन अदालत पाटन समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(ग) बमोजिम पुनरावेदन गर्न पाउने निवेदकको हक अधिकारलाई निवेदक स्वयंले संकुचन गरी असाधारण क्षेत्राधिकार प्रयोग हुन माग गरेको देखिएबाट पुनरावेदन अदालतको फैसलालाई परोक्ष रूपमा स्वीकार गरी बसेको देखिन आयो । कानूनबमोजिम तह-तह फैसला भएको कुरामा रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने भनी हेर्न रिटको मान्य सिद्धान्तको प्रतिकूल हुन जान्छ । पुनरावेदनको तहबाट मुद्दाको औचित्य र प्रमाणको विश्लेषण गरी इन्साफ गर्न मिल्ने अवस्थामा निवेदकले कानूनद्वारा व्यवस्थित उचित मार्गको अवलम्बन गरेको नदेखिदा सबूद प्रमाण बुझी निर्णय गर्नुपर्ने प्रकृतिको प्रस्तुत विषयवस्तुमा असाधारण क्षेत्राधिकार प्रयोग गरी निवेदन मागबमोजिम रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६७ साल मंसिर १० गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री मोहनप्रसाद सिटौला र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८४१, अंश नामसारी, *शान्तिदेवी चौधरी वि. हेमा चौधरी*

पुनरावेदक आफ्नो पतिसँग छोडपत्र गरिसकेपछि पनि आफ्ना छोराहरू हरेन्द्रनाथ चौधरी र मनीसकुमार चौधरीसँग सगोलमै रहे बसेको मान्नुपर्ने हुन आउँछ । वादीले आफूले अंश पाउनु पर्ने भनी जिकीर लिएका जग्गाहरू त्यसरी सगोलमै रहँदाको अवस्थामा मिति २०४०।१।९ मा राजीनामा गरी यी पुनरावेदिकाले लिएका जग्गाहरू निजी नभई सगोलकै जग्गा मान्नुपर्ने देखिन आई सो जग्गा समेत वादीले माग गरेको अंश भागमा भाग लाग्ने सम्पत्तिअन्तर्गत पर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रसाद सिटौला र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५-CI-०८९२, अंश, *श्यामप्रकाश शर्मा भुसाल समेत वि. नारायणी शर्मा भुसाल समेत*

पुनरावेदकले बण्डा लाग्ने होइन भनी जिकीर लिएका जग्गाहरू सगोलकै अवस्थामा हुँदा प्राप्त गरेको देखिएको र निजी आर्जनबाट खरीद गरेको पुष्टि हुन नसकेको अवस्था देखिएको हुँदा शुरू फैसलालाई केही उल्टी गरी वादी दावीअनुसार बण्डा लाग्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

▪यसै लगाउको २०६५-CI-०८९३, अंश, *श्यामप्रकाश शर्मा भुसाल वि. फणाधर शर्मा भुसाल समेत*

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०५२३, दर्ता बदर नामसारी दर्ता समेत, *ऋषिप्रसाद पौडेल समेत वि. ध्रुवप्रसाद पौडेल*

चाँगु रै.नं. ९४ को हाल कायम का.जि. नयाँपाटी गा.वि.स. वार्ड नं. २(ख) कि.नं. २३५ को जग्गा मिति २०२१।४।१६।६ को बण्डापत्रअनुसार वादी ध्रुवप्रसाद पौडेलको अंश हकमा परेको जग्गा प्रतिवादीहरूका पिता तुलसीप्रसादले आफ्नो समेत हक लाग्ने भनी निजको नाउँमा समेत दर्ता गराएको देखिएकोले सो बण्डापत्र अन्यथा नभएको स्थितिमा तुलसीप्रसादले आफ्नो समेत हक देखाई दुईजनाको नाउँमा संयुक्त दर्ता गरेकोलाई कानूनी मान्यता दिन नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. ०५२०, ५२५, *दर्ता बदर नामसारी दर्ता समेत, वटुकृष्ण पौडल वि. ध्रुबप्रसाद पौडेल*
- २०६३ सालको दे.पु.नं. ०५२४, *दर्ता बदर नामसारी दर्ता समेत, ऋषिप्रसाद पौडेल समेत वि. ध्रुबप्रसाद पौडेल*